**नयाँ PK-8 विद्यालय भवनका योजनाहरूमा सर्वेक्षण परिणामहरू र विषयगत समूह छलफलबाट आएका सिफारिसहरू**

Somerville ले Winter Hill स्कुलको लागि नयाँ प्रि-किन्डरगार्टनदेखि आठौँ कक्षा (PK-8) सार्वजनिक विद्यालय भवन निर्माण गर्ने योजना बनाइरहेको छ किनकि उनीहरूको पुरानो भवन अब प्रयोग गर्न नसकिने भइसकेको छ। यस प्रक्रियाको अङ्गको रूपमा, शहरले निम्न कुराहरूको निर्णय गर्नुपर्ने छ:

- यो नयाँ विद्यालय भवनले Brown स्कुलको आवश्यकतालाई पनि सम्बोधन गर्नुपर्छ कि पर्दैन
- नयाँ स्कुल कहाँ निर्माण गर्नुपर्छ (Sycamore Street मा रहेको पहिलेको Winter Hill स्कुलको साइटमा वा Trum Field को एक भागमा)।

Somerville  समुदायका सदस्यहरूलाई एक सर्वेक्षण मार्फत यी प्रश्नहरू (र अन्य प्राथमिकताहरू) मा आफ्नो दृष्टिकोण व्यक्त गर्न आह्वान गरियो। तपाईंहरूमध्ये 2,400 भन्दा बढीले भाग लिनुभयो र नतिजाहरू आइसकेका छन्।

- धेरैजसो सहभागीले Trum Field मा निर्माण गर्न चाहनुभएको छैन।
- समुदाय दुई विद्यालयहरू (Winter Hill र Brown) लाई एउटै नयाँ भवनमा जोड्ने वा छुट्टै राख्ने भन्ने कुरामा विभाजित छ, जसमा दुई विद्यालय छुट्टाछुट्टै राख्ने कुरालाई अलिकति बढी प्राथमिकता दिइएको छ।
- फरक-फरक टोल र फरक-फरक स्कुल समुदायको फरक-फरक विचार आएको थियो: केही क्षेत्रहरूले स्कुलहरूलाई छुट्टाछुट्टै राख्न चाहे भने अरूले तिनलाई मिलाउनुपर्ने बताए।
  - **टोलअनुसार फरक-फरक विचार आएका छन्:**
    - वडा 4, 5 र 6 का बासिन्दा स्पष्ट रूपमा विद्यालयहरू छुट्टाछुट्टै राख्न रुचाउँछन्।
    - वडा 1, 2, 3 र 7 का सहभागी एउटै विद्यालयमा मिलाउन चाहन्छन् (यद्यपि यी क्षेत्रका कम मानिसहरूले सर्वेक्षणमा भाग लिएका थिए)।
  - **स्कुल सम्बद्धताअनुसार फरक-फरक विचार आएका छन्:**
    - Brown र Winter Hill स्कुलहरूसँग सम्बद्ध अभिभावक/समुदायका सदस्यहरू स्कुलहरू छुट्टाछुट्टै राख्न चाहन्छन्।
    - Kennedy स्कुलसँग सम्बद्ध अभिभावक/समुदायका सदस्यहरू र केही हदसम्म Capuano र निजी/धार्मिक स्कुलहरू पनि छुटाछुट्टै स्कुल राख्न चाहन्छन्।
    - Argenziano, East, Healey, Somerville High, West र Prospect Hill Charter सँग सम्बद्ध अभिभावक/समुदायका सदस्यहरू संयुक्त विद्यालय भएको हेर्न चाहन्छन्।

पूर्ण सर्वेक्षण प्रतिवेदनमा सर्वेक्षणको प्रतिक्रियाहरूलाई उमेर, जाति, आय-स्तर, अभिभावकीय स्थिति र थप पक्षहरूसहित अन्य प्रमुख वर्गहरूमा अन्वेषण गरिएको छ। मानिसहरूका निश्चित रोजाइका पछाडि के कारण थियो भन्ने बारेमा थप जानकारी लिन छ वटा विषयगत सामूहिक छलफलहरू पनि आयोजना गरिएको थियो।

पूर्ण सर्वेक्षण प्रतिवेदन र विषयगत सामूहिक छलफलका सारांशहरू यहाँ उपलब्ध छन्: somervillema.gov/newpkto8। यदि तपाईंलाई यी प्रतिवेदनहरू अनुवाद गर्न वा बुझ्न सहयोग चाहिएमा, कृपया हामीलाई 311 (617-666-3311) मा कल गर्नुहोस् वा languageaccess@somervillema.gov मा सम्पर्क गर्नुहोस्। Somerville सहरले तपाईंलाई नि:शुल्क भाषिक सहयोग उपलब्ध गराउन सक्ने छ।

**त्यसपछि के गर्ने ?**

- निर्माण सल्लाहकार समूह (CAG) ले शैक्षिक आवश्यकताहरू, लागत, हिँड्न सहज/नजिक, मर्मतसम्भारका आवश्यकताहरू र मनोरञ्जन स्थल जस्ता थप पक्षहरूसँगसँगै सर्वेक्षणको नतिजाको मूल्याङ्कन गर्ने छ। उनीहरूले यस नोभेम्बरमा स्कुल भवनको आकार र स्थानको बारेमा मेयरलाई आफ्नो सिफारिस बुझाउने अपेक्षा गरिएको छ।

**थप जानकारी लिनुहोस् र सूचित रहनुहोस्:**

- **परियोजनाको वेबसाइट:**
  - नियमित अपडेटहरू स्कुल भवन परियोजना वेबसाइट somervillema.gov/newpkto8 मा पोस्ट गरिने छ।

सहायक उपकरणहरू वा मुनासिब समायोजनहरू गर्नुपर्ने अपाङ्गता भएका व्यक्तिहरूले कृपया Adrienne Pomeroy लाई 617-625-6600 x 2059 वा ADA@somervillema.gov मा अग्रिम सम्पर्क गर्नुपर्ने छ।